## प्रतिलिपि तथा प्रिन्ट सेवा

पुस्तकालयमा केही सामग्रीको प्रतिलिपि गराउन सकिन्छ । त्यसका लागि तपाईंले सर्च कम्प्युटरको टेबुलमा रहेको प्रतिलिपि अनुरोध फाराममा आवश्यक विवरण भरेर मूल सामग्रीसमेत लेनदेन कक्षका कर्मचारीलाई दिनुहोस् । प्रतिलिपि अधिकार ऐनको प्रावधानअनुसार, पुस्तक, रिपोर्ट, थेसिस वा जर्नलका बढीमा एक-तिहाइ सामग्रीको मात्र पुनर्मुद्रित प्रति दिन सकिने छ । अत्यधिक चाप र कर्मचारीको कार्यव्यस्तताले गर्दा प्रतिलिपि गराउँदा लाग्ने समय र शुल्कबारे पहिल्यै बुझ्नुहोस् । प्रतिलिपि गरेबापत प्रति पृष्ठ दुई रुपैयाँ लाग्ने छ । यसरी प्रतिलिपि गरिएको सामग्री ईमेलमा निःशुल्क सेवा दिइनेछ भने सिडीमा लैजानु परेमा सिडीको लागत मूल्य अग्रिम भुक्तानी गर्नुपर्ने छ । पुस्तकालयको ईन्टरनेट सेवाबाट पाइएका वा पुस्तकालयबाट ईलेक्ट्रोनिक रूपमा उपलब्ध सामग्रीको प्रिन्ट रिसेप्सन डेस्कबाट लिन सकिने छ । प्रिन्ट शुल्क प्रति पृष्ठ तीन रुपैयाँ लाग्नेछ । अन्यत्रबाट पेनड्राइभ र अरू डाटा भण्डारणमा ल्याइएका सामग्री प्रिन्ट गरी लिने सुविधा यहाँ उपलब्ध छैन ।

## पुस्तकालयको सामग्रीको सुरक्षा

आफूले लिएका सामग्रीको सुरक्षा तपाईंको व्यक्तिगत जिम्मेवारी हो । लेनदेन कक्षबाट उपलब्ध अध्ययन सामग्री आफूले पढी सकेपछि पूर्ववत् अवस्थामा फिर्ता नदिएसम्म सबै सामग्रीको सुरक्षा तपाईंको निजी जिम्मेवारी हो । त्यस्ता सामग्रीका पाना फोल्ड गर्न, अन्डरलाइन वा हाइलाइट गर्न, च्यात्न वा तिनको स्वरूप परिवर्तन गर्न पाइँदैन । यस्ता गतिविधिमा संलग्न व्यक्तिले पुस्तकालयको नियमअनुसार दण्ड, जरिवाना वा क्षतिपूर्ति तिर्नुपर्ने छ । पुराना पत्रिकाका मासिक फाइल अध्ययन गरिसकेपछि पहिलेकै अवस्थामा तिनलाई बुझाउनु पर्नेछ ।

## मार्टिन चौतारी पुस्तकालयको अनुरोध

यो पुस्तकालय मिडियासम्बन्धी सामग्री संकलनको एउटा महत्त्वपूर्ण केन्द्र हो । तपाईंसँग मिडियाबारे ऐतिहासिक महत्त्वका सामग्री छन् भने मार्टिन चौतारी पुस्तकालयलाई उपलब्ध गराउनुहोस् । पुस्तकालयले तिनको सुरक्षा र तिनीहरूमाथि सार्वजनिक पहुँच बढाउन भरमग्दूर प्रयास गर्नेछ । मार्टिन चौतारी पुस्तकालय तपाईंको सेवाका लागि सधैं तत्पर छ ।


## थप जानकारी वा सुझावका लागि

रेनुका गुरागाईं, एसिस्टेन्ट लाईब्रेरियन
guragainmartin@gmail.com

## मार्टिन चौतारी पुस्तकालयसम्म पुग्ने नक्शा र मार्ग निर्देशन

तपाईं थापाथली चोकबाट नर्भिक अस्पताल वा प्रसुति गृहतर्फ आउँदै हुनुहुन्छ भने, सीधा प्रहरी बिट चोकबाट बायाँतर्फ मोडिनुहोस्, अब तपाईं अर्को चोक पुग्नुहुन्छ । त्यहाँबाट उत्तरतिर ३० सेकेन्डको हिँडाइमा चौतारी भेटिन्छ । तपाईं बानेश्वरबाट आउँदै हुनुहुन्छ भने, बबरमहल चोकबाट कर कार्यालयतर्फ बायाँ मोडिनुहोस् र तल नक्सामा देखाइएको बाटो पछ्याउनुहोस् । अर्को बाटो भनेको माइतिघरतर्फबाट सेन्ट जेभियर कलेज र युनाइटेड मिसन टु नेपाल हुँदै अगाडि आउँदा तपाईं नक्सामा देखाइएको पश्चिम तर्फको बाटोबाट भेटिने चोकनिर आइपुग्नुहुन्छ । त्यसपछि तपाईंले उत्तरतिर ३० सेकेन्डको हिडाइमा मार्टिन चौतारी भेट्नु हुनेछ ।

### मार्टिन चौतारीसम्म पुग्ने बाटाहरू




सहयोग लिनको लागि कृपया ४२३८०५०/४१०२०२७ मा फोन गर्नुहोस् ।

**मार्टिन चौतारी**
२७ जीतजंग मार्ग, थापाथली
पोष्ट बक्स: १३४७०, काठमाडौं, नेपाल
फोन: ४२३८०५०/४१०२०२७; फ्याक्स ४२४००५९
ईमेल: chautari@mos.com.np
वेबसाइट: martinchautari.org.np

# मार्टिन चौतारी पुस्तकालय

## संक्षिप्त प्रयोग निर्देशिका
## (साउन २०७३)

यो हाते पर्चामा मार्टिन चौतारी पुस्तकालय प्रयोग गर्ने विधि छोटकरीमा दिइएको छ। यहाँ दिइएको जानकारी अपुग वा अस्पष्ट भएमा कृपया पुस्तकालयका कर्मचारीसँग सल्लाह लिन सकिन्छ । त्यसको निमित्त सम्पर्क गर्नुहोस् ।



## मार्टिन चौतारी पुस्तकालयको परिचय

काठमाडौं, थापाथलीमा रहेको मार्टिन चौतारी पुस्तकालय सार्वजनिक रेफरेन्स (सन्दर्भ) पुस्तकालय हो । यहाँ मिडिया अध्ययन, समाजशास्त्र, इतिहास र नेपाल अध्ययनसम्बन्धी पुस्तक, म्यागेजिन, पत्रपत्रिका, शोधग्रन्थलगायत कतिपय दुर्लभ सामग्री छन् । ती सुरक्षित रहुन् र तपाईंले चाहेको बेला उपयोग गर्न पाउनुहोस् भनेर तिनलाई व्यवस्थित गरी चौतारीको मुख्य भवन पछाडि रहेको अध्ययन कक्षमा लगेर पढ्ने व्यवस्था मिलाइएको छ । उपलब्ध सामग्रीलाई बाहिर लैजाने सुविधा छैन तर आवश्यकता हेरी, प्रतिलिपि अधिकार ऐनको सीमाभित्र रही र लेखपढ गर्ने शर्तमा तपाईंले तिनको प्रतिलिपि अथवा प्रिन्ट गराई लैजान सक्नुहुन्छ ।

## पुस्तकालय कसले प्रयोग गर्न सक्छन् ?

मार्टिन चौतारी पुस्तकालयका सामग्री सबैले प्रयोग गर्न सक्छन् । त्यसको लागि पुस्तकालयको सदस्यता लिनु पर्दैन । तपाईंले आफ्नो फोटोसहितको परिचयपत्र पुस्तकालयका कर्मचारीलाई उपलब्ध गराउनु पर्छ । पुस्तकालयले आफ्नो सेवा सुविधामा सुधार ल्याउन मात्र तपाईंको व्यक्तिगत विवरणको विश्लेषण गर्नेछ ।

## पुस्तकालय खुल्ने समय

शनिबार र सार्वजनिक बिदाका दिनबाहेक प्रत्येक दिन १० बजेदेखि साँझ ५:०० बजेसम्म (मंसिरदेखि माघसम्म बिहान १० बजेदेखि साँझ ४:३० बजेसम्म) ।

## पुस्तकालय आउनु अघि

पुस्तकालयको संग्रहको परिचय मार्टिन चौतारीको वेबपेज ठेगाना http://www.martinchautari.org.np/library.html मा उपलब्ध छ । त्यहाँ दिइएको अनलाइन क्याटलग हेरी आफूले प्रयोग गर्न चाहेको सामग्रीको विवरण टिप्नुहोस् । र, पुस्तकालय आउनु अघि ईमेल गरी पठाउनु भए पुस्तकालय कर्मचारीले तपाईंलाई छिटोछरितो सेवा दिन सक्ने छन् । तपाईंको समयको बचत पनि हुनेछ ।

## पुस्तकालय परिसर पुगेपछि

पुस्तकालयभित्र पस्नुअघि झोला र हेल्मेटजस्ता सामग्री ढोकासँगैको च्याकमा राख्नु होला । त्यसैसँगैको टेबलमा उपलब्ध रजिस्टरमा आफ्नो नाम र ठेगाना लेख्नु होला । पुस्तक, नोटकपि र सीसाकलम अध्ययन कक्षभित्र लैजान सकिन्छ तर धारिलो वस्तु, हाइलाइट/मसीयुक्त कलमजस्ता सामग्री भने अनुपयुक्त मानिएको छ । कृपया तिनको प्रयोग नगर्नु होला । नगद तथा ल्यापटप, ट्याबलेट, मोबाइल, क्यामेरा जस्ता सामग्री झोलामा नछोड्नु होला । तपाईंको सामान हराएमा मार्टिन चौतारी जिम्मेवार हुने छैन ।

## पुस्तकालयको रेफरेन्स सल्लाह


पुस्तकालयका कर्मचारीहरू तपाईंको अध्ययन र अनुसन्धानमा आवश्यक सेवाको गुणस्तर बढाउन सधैं उत्सुक हुन्छन् । तपाईंलाई आवश्यक सामग्रीको पहिचान र उपलब्धतासम्बन्धी विशेष राय/सल्लाह/सुझावका लागि कृपया पुस्तकालय कर्मचारीसँग सम्पर्क राख्नुहोस् ।

## पुस्तकालयमा उपलब्ध सामग्री


पुस्तकालय पस्ने ढोकाछेउमा कम्प्युटर राखिएको छ । त्यसमा पुस्तकालयको क्याटलग हेरी आफूलाई आवश्यक सामग्री खोज्नुहोस् । मार्टिन चौतारी पुस्तकालयमा विभिन्न विषयका पुस्तक, प्रतिवेदन, शोधपत्र, कार्यपत्र, अनुसन्धानमूलक फुटकर लेख गरी झन्डै २१ हजार तथा नेपालबाट प्रकाशित २६२ सहित देश-विदेशका गरी ३८१ शीर्षकका जर्नल संकलित छन् । उपलब्ध जर्नलको सूची मार्टिन चौतारीको वेबसाइट http://www.martinchautari.org.np/files/nepali-journal-holdings3Oct2013.pdf मा पनि दिइएको छ । त्यस्तै यहाँ उपलब्ध ६५ भन्दा बढी किसिमका पत्रपत्रिका र म्यागेजिनको सूची अध्ययन कक्षको सूचनापाटीमा टाँसिएको छ । यहाँ संग्रहित सामग्रीको तथ्यांक तलको चित्रमार्फत प्रस्तुत गरिएको छ ।

चित्र : मार्टिन चौतारी पुस्तकालयमा संग्रहित सामग्री

क. पुस्तक, प्रतिवेदन, शोधपत्र, कार्यपत्र, लेख




ख. अखबार, म्यागेजिन र जर्नल




आफूलाई चाहिने सामग्रीको पहिचान गरिसकेपछि सर्च कम्प्युटरको टेबलमा उपलब्ध अनुरोधपत्रमा तिनको विवरण भर्नुहोस् र पुस्तकालयको लेनदेन कक्षका कर्मचारीलाई दिनुहोस् । साथमा आफ्नो फोटोसहितको परिचयपत्र पनि दिनुहोस् । अनुरोधपत्र बुझाएपछि अधिकतम तीस मिनेटभित्र तपाईंको माग कर्मचारीले पूरा गर्नेछन् । अथवा, तपाईंले माग्नु भएको सामग्री उपलब्ध गराउन नसक्नुको कारण दिनेछन् । केही दुर्लभ सामग्रीलाई भण्डार बाट निकाल्न बढी समय लाग्न सक्छ ।

## पुस्तकालयमा उपलब्ध सुविधा

पुस्तकालयको अध्ययन कक्षमा बसेर पुस्तकालयका सामग्री पढ्न सकिन्छ । त्यहाँ ईन्टरनेटको सुविधासहितका दुईओटा कम्प्युटर राखिएका छन् । तिनबाट JSTOR, Project MUSE, आदिमा संग्रहित सामग्री निःशुल्क पढ्न, डाउनलोड गर्न, र इमेल वा पेनड्राइभ/सिडि/डिभिडीमा राखेर लैजान सकिन्छ । प्राज्ञिक प्रयोजनका लागि मात्र ईन्टरनेटको उपयोग गर्नुहोस् । फेसबुक, ट्वीटरजस्ता सोसल मिडिया र ब्लगजस्ता व्यक्तिगत पोर्टल नखोल्नु होला । पुस्तकालयका कर्मचारीले यसको निगरानी गरिरहेका हुन्छन् ।

अध्ययन कक्षमा नै पुराना पत्रपत्रिका राखिएका छन् । कक्षका कर्मचारीको सहयोग लिएर तिनको अध्ययन गर्न सकिन्छ । पुराना म्यागेजिन लेनदेन कक्षबाट प्राप्त गर्न सकिन्छ । नेपालसम्बन्धी लेख, मिडियाका विविध पक्षमा लेखिएका लेख, सेमिनारमा प्रस्तुत गरिएका कार्यपत्रको सूची पनि अध्ययन कक्षमा नै उपलब्ध छन् । यस्ता सामग्री पुस्तकालयमा पढ्न पाइन्छ ।

नक्शा : पुस्तकालयको फ्लोरप्लान

